# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
### कर्णाली प्रदेश नेपाल

मिति : २०७५/१०/२४

श्री नानजिला एण्ड आकाँक्षा/हिमाल कन्स्ट्रक्शन जे.भी. वीरेन्द्रनगर-६, सुर्खेत,
प्रतिनिधि श्री खगेन्द्रबहादुर शाही ।

बिषय : खरिद सम्झौताको अन्त्य किन नगर्ने ?

यस नगरपालिकाको नयाँ भवनको पहिलो तला थप गर्ने प्रयोजनका लागि तपाई र यस कार्यालय बीच मिति २०७५/३/१० मा २०७५ चैत्र मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र उक्त सम्झौतामा योजना कार्यान्वयन कार्यतालिका तयार गरी सोहि बमोजिम कार्य गर्ने गरी कार्यादेश दिएको व्यहोरा स्मरण गराउँदै सो कार्यतालिका बमोजिम कामको प्रगति नभएकोले यस कार्यालयको च.नं. ५१३ र मिति २०७५/८/२० को पत्रानुसार कार्य प्रगति नहुनुको मनासिव कारण सहित लिखित जवाफ पेश गर्न भनिएकोमा हालसम्म सोको कुनै जवाफ प्राप्त नभएको । कार्य प्रगति हालसम्म २० प्रतिशत मात्र देखिएको तथा कार्यतालिका अनुसार हालको अवधिमा भवनको ढोका, खापाको काम भईरहेको हुनु पर्नेमा इट्टा चिनाईको काम समेत नसकिएको हुँदा के कति कारणले कार्यतालिका अनुसार कार्य प्रगति नभएको हो ? स्वीकृत कार्यतालिका बमोजिम कार्य प्रगति नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) बमोजिम कारबाही प्रक्रिया किन अघि नबढाउने ? कुनै उचित र मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र लिखित जवाफ सहित यस कार्यालयमा उपस्थित हुनुहोला । अन्यथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ का माथि उल्लेखित दफा अनुसार कारबाही प्रक्रिया अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत